बगनासकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिर्तुङ्गधारा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- ०७७/०७८

च.नं. :- ४९८

मिति : २०७७/०८/०७

श्री सबै विद्यालयहरू,

बगनासकाली गाउँपालिका

प्रस्तुत विषयमा विद्यालय सञ्चालन सम्बन्धि कार्यढाँचा २०७७ मा व्यवस्था भए बमोजिम विद्यालयलाई सिकाई केन्द्र बनाउन अत्यावश्यक भएकोले देहाय बमोजिमको मापदण्ड पालन गरि मिति २०७७/०८/०८ देखि विद्यालयमा सिकाई कृयाकलाप संचालन गर्न गाउँ शिक्षा समितिको मिति २०७७/०८/०७ को निर्णय अनुसार अनुरोध छ ।

तपशिल :

१) कोरोना महामारीको कारण विद्यालयहरूमा हुने सिकाई कृयाकलाप यस बगनासकाली गाउँपालिकामा अत्यान्तै प्रभाव परेको अवस्थामा मिति २०७७/०७/२० मा मा.मन्त्रि स्तरबाट निर्णय स्विकृत भै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्रकासित विद्यालय सञ्चालन सम्बन्धि कार्यढाँचा २०७७ लाई आजको बैठकमा अध्ययन र छलफल गरियो । उक्त विद्यालय सञ्चालन सम्बन्धि कार्यढाँचा अनुसार सम्पुर्ण स्वास्थ्य मापदण्डहरू पुरा गरि विद्यालयमा हुने सिकाई कार्यक्रमहरूलाई सुचारू गर्न सम्पुर्ण विद्यालयहरूलाई सूचना गर्ने ।

२) विद्यालय सञ्चालन गर्दा निम्न लिखित बुदाहरूलाई अवलम्ब गर्न सम्पुर्ण विद्यालयहरूलाई निर्देशन दिने

क) प्रत्येक विद्यालयले विद्यालय सञ्चालन सम्बन्धि कार्य ढाँचालाई राम्रो संग अध्ययन गरि पूर्ण पालन गर्नु पर्नेछ ।

ख) सबै विद्यार्थी एकै पटक वा सिफ्ट अनुसार कुन विधिबाट सञ्चालन गर्ने हो । विद्यालयको विद्यार्थी संख्यालाई मध्ये नजर गरि वि.व्य.स. बाट निर्णय गराई सम्बन्धित वडाबाट विद्यालय सञ्चालनको स्विकृती लिई विद्यालय सञ्चालन गर्ने र निर्णयको एक प्रति गाउँपालिकामा पेश गर्ने । वि.व्य.स. निर्णय गर्दा विद्यार्थीहरूको अभिभावकहरूको सहमती लिने । दैनिक दिउसो मध्यान्तर (छुट्टी) नगराउने व्यवस्था मिलाउने ।

शाखा अधिकृत (आठौं तह)

२०७७/८/७

ग) अनिवार्य रूपमा स्वास्थ सुरक्षा मापदण्ड ( साबुन पानीले हात धुने / स्यानिटाइजर प्रयोग गर्ने, मार्क्स लगाउने, एक अर्का बिच दुरी कायम गर्ने आदि) पालन गर्ने व्यवस्था मिलाउने ।

घ) एउटा बेन्चमा बढिमा २ जना मात्र विद्यार्थी राख्ने व्यवस्था मिलाउने ।

ङ) सवारी साधन सञ्चालन गर्न चाहने विद्यालयले स्वास्थ्य सुरक्षाका सम्पुर्ण मापदण्ड पालन गरि विद्यार्थी लाने ल्याउने व्यवस्था गर्ने । यसको अनुगमनको लागि प्रहरी चौकीलाई जिम्मा दिने ।

च) पुर्व प्राथमिक तह, LKG, UKG का बालबालिकाहरूलाई हाललाई विद्यालयमा नबोलाउने ।

छ) विद्यालयमा खाजा नास्ताको लागि बालबालिकाहरूले घरबाट ल्याउन अभिप्रेरित गर्ने साथै एउटाको खाजा बाडेर खाने प्रवृतीलाई निरूत्साहित गर्ने ।

ज) रूघा, खोकी ज्वरोका लक्षण देखिएमा त्यस्ता बालबालिकालाई घरबाट नआउन भन्ने साथै कोरोना पोजेटिभ देखिएका घरपरिवारका बालबालिका समेत विद्यालयमा नआउन भन्ने ।

झ) विद्यालय सञ्चालन गर्दा कोरोना झन फैलने स्थिती देखिएमा वा बढेमा वि.व्य.स. को तुरून्दै बैठक बसि पठनपाठ्न सम्बन्धि आवश्यक निर्णय लिने यदी पठनपाठन रोक्नु पर्ने भएमा पहिले जस्तै सिकाई सहजीकरण प्रकयाबाट सिकाईलाई निरन्तरता दिने र त्यसको जानकारी गाउँपालिकामा उपलब्ध गराउनु पर्ने ।

ञ) ज्वरो नाप्ने थर्मोल गन र स्यानीटाइजर एक पटकलाई उपलब्ध गराउन गाउँपालिकालाई अनुरोध गर्ने ।

ट) सबै विद्यालयहरूले नजिकको स्वास्थ्य चौकी संग निरन्तर परामर्श लिइरहने ।

ठ) सम्पुर्ण मापदण्डहरू पुरा भए नभएको बारे सबै विद्यालयहरूले अनुसुची १ बमोजिमको प्रतिवेदन मिति २०७७/०८/१२ सम्म शिक्षा शाखामा पठाउनु पर्ने ।

ड) पठनपाठन बाहेक अन्य कृयाकलापहरू हाललाई सञ्चालन नगर्ने नगराउने ।

ढ) सबै मापदण्डहरूको पूर्ण पालन गर्ने / गराउने दायित्व सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

ण) सम्बन्धित वडाको जनप्रतिनिधि, राजनितीदल शिक्षक संघ संस्थाको प्रतिनिधी र सरोकारवालाहरूबाट मापदण्ड पुरा भए नभएको नियमित अनुगमन गर्ने व्यवस्था गर्ने ।

२०७७/८/६

शाखा अधिकृत (आठौं तह)